# प्रेश विज्ञप्ति

लुम्विनी विकास बैंक लिमिटेडले आफ्नो सेवा विस्तारको क्रममा झापा जिल्ला, कमल गाउँपालिकाको केरखा वजारमा आज मिति २०७४/७/२७ गते आफ्नो ५८ औं शाखा स्थापना गरेको छ । उक्त शाखा कमल गाउँपालिकाका अध्यक्ष श्रीमती मेनुका काफ्लेज्यूले एक समारोहका वीच समुद्घाटन गर्नुभयो । उद्घाटन समारोहको सभापतित्व गर्दै बैंक सञ्चालक समितिका अध्यक्ष सुशिल राज पराजुलीले बैंकको विभिन्न शहर लगायत ग्रामिण भेगमा समेत क्रमश सेवा विस्तार गर्दै जाने नीति वमोजिम झापाको केरखामा शाखा खोलिएको बताउनु भयो । उक्त समारोहमा सम्बोधन गर्ने क्रममा बैंकका सञ्चालक चिन्तामणी भट्टराईले बैंकले ग्रामिण क्षेत्रमा ससाना परियोजनाहरुको विकासमा आर्थिक सहयोग गरी जनताको जिवनस्तर सुधारमा सक्दो सहयोग गर्ने बताउनु भयो ।

कार्यक्रममा उपस्थित अतिथि तथा सम्पुर्ण ग्राहक महानुभावहरुलाई प्रमुख कार्यकारी अधिकृत झलक प्रसाद खनालले स्वागत गर्दै बैंकवाट उपलव्ध सेवा सुविधाहरुको सम्बन्धमा स्पष्ट पार्नुभएको थियो ।

बैंकको केन्द्रीय कार्यालय डिल्लीबजारवाट संचालन भई मुलुकका विभिन्न भागमा रहेका ५८ शाखा सञ्जालहरु तथा १२ एटिएम मार्फत विभिन्न निक्षेप तथा कर्जा सुविधाका साथै ATM, ABBS, SMS Banking, Mobile Banking, ASBA लगायतका सम्पूर्ण बैंकिङ्ग सेवाहरु उपलब्ध हुनेछन ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

